# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ति

गभर्नर डा. युवराज खतिवडा मंसिर २०-२२ (डिसेम्बर ६-८, २०११) सम्म UNESCAP ले थाइल्याण्डको बैंककमा आयोजना गरेको "Expert Group Meeting on Macroeconomic Outlook and Challenges in the ESCAP Region" विषयक बैठकमा भाग लिई आज स्वदेश फर्कनु भयो । उक्त बैठकमा उहाँले दक्षिण पूर्वी एसियाली मुलुकहरूको वित्तीय क्षेत्रका चुनौतीबारे Key Note Speaker को रूपमा वार्ता प्रस्तुत गर्नुभएको थियो भने अर्थशास्त्रका नोवेल पुरस्कार बिजेता तथा युरोपेली साझा मुद्राको अवधारणा निर्माणकर्ता प्रो. रोवर्ट मुण्डेलको बैंककमा आयोजित युरोको भविष्य र विश्व मुद्राको अवधारणा सम्बन्धी वार्ता तथा छलफल कार्यक्रममा समेत भाग लिनुभएको थियो । सो बैठकको उद्घाटन थाइल्याण्डका उप प्रधान तथा वाणिज्य मन्त्री Kittirat Na-Ranong ले गर्नु भएको थियो । उक्त बैठकमा आर्थिक वृद्धि र मुद्रास्फितिबिच सन्तुलन ल्याउने, पुँजीको आप्रवाहलाई व्यवस्थित गर्ने, एसिया क्षेत्रको युवा बेरोजगारी र अर्ध बेरोजगारी हल गर्ने, असमानता घटाउने तथा युरोको सङ्कटले ल्याउन सक्ने समस्या जस्ता कुराहरूमा वार्ता प्रस्तुति र छलफल भएका थिए । यस अतिरिक्त अन्तर्राष्ट्रिय वित्तीय सङ्कट, खाद्य वस्तुको मूल्य वृद्धि, G-20 पहल र युरोपको सरकारी ऋण सङ्कट र त्यसबाट एसियाली मुलुकहरूमा पर्ने प्रभाव जस्ता विषयमा छलफल भएको थियो ।

उहाँ सो बैठकमा भाग लिन मंसिर १९ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

मितिः २०६८।८।२३

गभर्नरको कार्यालय